## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०४/०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु सुरेश साह सोनार, रौशन खातुन, मित्रलाल ढकाल, पवन कुमार झा, धिरेन्द्र झा, राकेश कुमार चौधरी, दिपेश कुमार साह, सोगरा खातुन र अनिल कुमार झा मु.नं (०८०-CR-०१६९) फैसला मिति २०८१/०३/२६ | बाटो ढलान कार्यमा भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **नगर प्रमुख सुरेश साह सोनार, प्रशासकीय अधिकृत मित्रलाल ढकाल, अधिकृत छैटौं धिरेन्द्र झा, वरिष्ठ इन्जिनियर पवन कुमार झा, इन्जिनियर राकेश कुमार चौधरी र सब इन्जिनियर दिपेश कुमार साहले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरुलाई बिगो रु.५,८४,६३७।- (अक्षेरुपि पाँच लाख चौरासी हजार छ सय सैंतीस रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी प्रतिवादीहरुबाट बिगो असुल उपर हुन, साथै **प्रतिवादीहरु पवन कुमार झा, राकेश कुमार चौधरी र दिपेश कुमार साहले** नभए नगरेको कामको समेत भए गरेको भन्ने गलत प्राविधिक मूल्याङ्कन प्रतिवेदन तयार गरी गराई सोहिको आधारमा भुक्तानी सदर तथा भुक्तानीको लागि पेश गरी सोही प्रतिवेदनको आधारमा भुक्तानी समेत गरेको देखिँदा निज प्रतिवादीहरु पवन कुमार झा, राकेश कुमार चौधरी र दिपेश कुमार साहले सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कसुरसमेत गरेको हुँदा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको सजाय हुन,<br>• **प्रतिवादीहरु उपभोक्ता समितिका अध्यक्ष राकेश कुमार साह, सचिव सिकेन्द्र चौधरी र कोषाध्यक्ष सन्तोषी देवीले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरुलाई बिगो रु.५,८४,६३७।- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत असुल उपर हुन,<br>• **प्रतिवादी नगर उप-प्रमुख रौशन खातुन, कार्यपालिका सदस्य सोगरा खातुन र १ नं. वडा अध्यक्ष अनिल कुमार साहले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम कसुर गरेको हुँदा निजलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन समेतको मागदावी मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• **प्रतिवादीहरु पवन कुमार झा, राकेश कुमार चौधरी,दिपेश कुमार साहले** नगरपालिकालाई रु.५,८४,६३७।—(पाँच लाख चौरासी हजार छ सय सैतिस रुपैयाँ) हानिनोक्सानी पुर्याई भ्रष्टाचार | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• मिसिल संलग्न स्थलगत मुचुल्का, प्राविधिक प्रतिवेदन, प्रतिवेदकहरुको अदालत समक्ष गरेको बकपत्र समेतका आधारमा प्रतिवादीहरु पवन कुमार झा, राकेश कुमार चौधरी र दिपेश कुमार साह, राकेश कुमार साह, सिकेन्द्र चौधरी र सन्तोषी देवीले आरोपपत्रको मागदावी बमोजिकको कसुर गरेको पुष्टि भएको।<br>• अन्य प्रतिवादीहरु सुरेश साह सोनार,रौशन खातुन, मित्रलाल ढकाल, धिरेन्द्र झा, सोगरा खातुन र अनिल कुमार झा प्राविधिक प्रतिवेदन गर्ने भूमिकामा नरहेका र निजहरु उपरको आरोपदावी ठोस र बस्तुनिष्ठ प्रमाणद्वारा पुष्टि हुन नसकेको।<br>• फिल्ड प्रतिवेदन दिने भूमिकामा रहेका प्रतिवादीहरु पवन कुमार झा, राकेश कुमार चौधरी र दिपेश कुमार साह उपरको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९(२) बमोजिमको कसुरमा केही नबोली फैसला भएको।<br>• | • **प्रतिवादीहरु सुरेश साह सोनार,रौशन खातुन, मित्रलाल ढकाल, धिरेन्द्र झा, सोगरा खातुन र अनिल कुमार झा समेतको हकमाः** जिल्ला महोत्तरी, जलेश्वर नगरपालिका वडा नं.१ स्थित हाट बजार क्षेत्रमा भइरहेको बाटो ढलानमा गुणस्तरहीन कार्य गरी भ्रष्टाचार गरेको भन्ने समेत बेहोराको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिबास, महोत्तरीमा प्राप्त उजुरी निवेदन उपर छानविन गरी थप अनुसन्धान पश्चात निज प्रतिवादीहरु सुरेश साह सोनार समेत उपर विशेष अदालत समक्ष दायर भएको प्रस्तुत मुद्दामा जलेश्वर नगरपालिका, महोत्तरीको आ.व.२०७९/०८० को वार्षिक बजेट अन्तर्गत मधेस प्रदेशको शसर्त अनुदानतर्फ स्वीकृत जलेश्वर नगरपालिका वडा नं.१ महोत्तरी स्थित बरुणसर पोखरी नजिक रहेको बजार क्षेत्रभित्र पिपिसी ढलान योजनाको लागि रु.५०,००,०००/- विनियोजन भई जनसहभागिताबाट समेत गरी रु.५४,०२,२७७.९२।- को लागत स्टिमेट तयार गरी स्वीकृत भएको र सोही लागत इस्टिमेट बमोजिम काम गर्ने गरी मिति २०८०/०२/२२ मा जलेश्वर नगरपालिका र उपभोक्ता समिति बीच सम्झौता भएको देखिन्छ। उक्त निर्माण कार्यको लागी जलेश्वर नगरपालिकाबाट तयार गरेको नापी किताब, अन्तिम बिल र कार्य सम्पन्न प्रतिवेदन बमोजिम रु. ५३,९७,२१२।१७ बराबरको निर्माण कार्य भएकोमा उपभोक्ताको जनसहभागिता बापत रु.५,५१,७६०।०५ कट्टा गरी रु.४८,४५,४५२।१२ भुक्तानीको लागि पेस गरेकोमा जलेश्वर नगरपालिकाका उप-प्रमुख रौशन खातुन समेतको टिमले उक्त योजनाको अनुगमन गरी मिति २०८०/०३/२३ मा योजना अनुगमन फारम मार्फत उक्त कार्य सम्पन्न भइसकेकोले भुक्तानीका लागि नगरपालिका समक्ष सिफारिस गरेको देखिन्छ। त्यसैगरी उक्त सिफारिसको आधारमा जलेश्वर नगरपालिकाका नगरप्रमुख सुरेश शाह सोनारले समेत भुक्तानीको लागि उठेको टिप्पणी आदेश मिति २०८०/०३/२४ मा सदर गरी मिति २०८०/०३/२४ मा गोश्वारा भौचर नं १६ मार्फत उपभोक्ता समितिलाई रु. ४८,४५,४५१/- भुक्तानी भएको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासबाट खटिई गएको प्राविधिक सहितको टोलीले उक्त बरुणसर पोखरी नजिक रहेको बजार क्षेत्रभित्र पिपिसी ढलान योजनाको स्थलगत रुपमा निरिक्षण एवं नापजाँच गरी पेश गरेको स्थलगत मुचुल्का सहितको प्राविधिक प्रतिवेदन बमोजिम नापी किताबमा M१५ PCC Work ३७८.३३ घनमिटर उल्लेख भएकोमा स्थलगत नापजाँच तथा हिसाब गरी हेर्दा ३३० घनमिटर मात्रै भएको पाइएको जसले गर्दा ४८.३३ घनमिटर फिल्डमा भन्दा नापी किताबमा बढी भएको तथा Brickwork तर्फ नापी किताबमा १८.५० भएको उल्लेख भएकोमा स्थलगत नापजाँच तथा हिसाब गरी हेर्दा १९.३८ घनमिटर भएको पाइएको जसले गर्दा ०.८८ घनमिटर फिल्डमा भन्दा नापी किताबमा कम भएको स्थलगत रुपमा भए गरेको कार्य भन्दा रु. ५,८४,६३७/- बढी रकमको मूल्याङ्कन गरी भुक्तानी भएको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदन तथा मुचुल्कालाई समर्थित हुने गरी प्रतिवेदकहरु आशुतोष ढुङ्गाना, रुपक थापा र संजिव सुवालले अदालत समक्ष बकपत्र गर्दा स्थलगत मुचुल्का र प्रतिवेदनमा भएको बेहोरा र सोमा भएको सहीछाप आफ्नै हो भनी बकपत्र समेत गरीदिएको देखिंदा उक्त बकपत्र समेत प्रमाण ऐन,२०३१ को दफा १८ बमोजिम स्वीकार योग्य प्रमाण भएको छ।<br>• जहाँ सम्म यि प्रतिवादीहरु नगर प्रमुख सुरेश साह सोनार, उपप्रमुख रौशन खातुन, प्रमुख प्रशासकिय अधिकृत मित्रलाल ढकाल, छैटौं अधिकृत धिरेन्द्र झा, नगर कार्यपालिका सदस्य सोगरा खातुन र वडा अध्यक्ष अनिल कुमार झा उल्लिखित पदमा रहेकाले निजहरु प्राविधिक व्यक्ति नहुँदा प्राविधिक जाँचको विषयमा निजहरुलाई जानकारी नै नहुने भएकोले सफाई दिने ठहर गरी भएको फैसलामा उल्लिखित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा ८(१)(ङ) बमोजिमको कसुर गरेको र प्रतिवादीहरु राकेश कुमार साह, सिकेन्द्र चौधरी र सन्तोषी देवीले सोही ऐनको दफा दफा ८(४) बमोजिम को कसुर गरेको देखिंदा निज प्रतिवादीहरु उपर जनही बिगो रु. ९७,४३९।५० कायम भई सोही ऐनको दफा ८(१) बमोजिम जनही ३ महिना कैद र बिगो बमोजिम जरिवाना हुने र कसुर ठहर भएका सबै प्रतिवादीहरुबाट बिगो समेत दामासाहीले असुल उपर हुने ठहर्छ र **प्रतिवादीहरु सुरेश साह सोनार, रौशन खातुन, मित्रलाल ढकाल, धिरेन्द्र झा, सोगरा खातुन, अनिल कुमार झा** उपरको आरोपदाबी ठोस र बस्तुनिष्ठ प्रमाणद्वरा पुष्टि नहुँदा आरोप दावीबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको देखिन्छ। | | निर्णयाधारको हकमा हेर्दा, प्रतिवादी मध्येका वडा अध्यक्ष अनिल कुमार झा र कार्यपालिका सदस्य सोगरा खातुन प्राविधिक व्यक्ति नभएतापनि निजहरुलाई आयोजनाको अनुगमनको जिम्मेवारी रहेको देखिन्छ। निजहरुले योजना अनुगमन गर्दा नापी किताब अनुसारको छ छैन? फिल्डमा गई प्राविधिक समेतसँग नापजाँच गरी देखिएको बस्तुस्थिति अनुगमन प्रतिवेदनमा खुलाउनु पर्नेमा सो कार्य यी प्रतिवादीबाट भएको छैन भने अर्को तर्फ निज प्रतिवादीहरुले अदालतमा बयान गर्दा नापी किताव अनुसार नै कार्य भएको छ।यस योजनामा राम्रो काम भएको छ नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने गरी कुनै कार्य गरेको छैन भन्ने समेत ब्यहोरा उल्लेख गरी नभएको कामलाई भए गरेको छ भनि पुष्टि गर्न खोजेको देखिन्छ।यी प्रतिवादीले आफ्नो पदीय जिम्मेवारी पुरा नगरी प्राविधिक कार्य भनि भ्रष्टाचारजन्य कार्यमा (Doctrine of Dereliction of Duty) आँखा चिम्लने सहयोग गर्ने कार्य गरेको तथ्य पुष्टि भएको छ।<br>• प्रतिवादीहरु नगर प्रमुख सुरेश साह सोनार, उपप्रमुख रौशन खातुन, प्रमुख प्रशासकिय अधिकृत मित्रलाल ढकाल र छैटौं अधिकृत धिरेन्द्र झालाई प्रस्तुत योजनाको प्रारम्भ देखि अन्तिम भुक्तानी सम्मको विभिन्न काममा जिम्मेवारी (Duty and Obligation) तोकिएको पाईन्छ।Public Authority बहन गर्न यी प्रतिवादीहरुले Public Trust Doctrine अनुसार पदको दुरुपयोग नगरी जनहित, पारदर्शिता र उत्तरदायीपूर्ण तरिकाले कार्य गर्नुपर्ने हुन्छ।नापजाँच गर्दा विवरण उल्लेख गरेको छ छैन सोको Cross Checking गरी अन्तिम भुक्तानी दिने दायित्व यि प्रतिवादीहरुमा रहेकोमा Doctrine of Conspiracy को सिद्धान्त अनुसार प्रत्यक्ष प्राविधिक भूमिका नभएपनि भ्रष्टाचारजन्य कार्यमा योजना मिलेमतो गरी Failure to do one's duty of obligation पनि Corruption को सुक्ष्मरुपमा भएकोले उक्त योजनामा नापी किताबमा उल्लेख भए अनुसारको काम नभएको तथ्य पुष्टि भई रहेको अवस्थामा Pyramid Structure मा निर्णयमा संलग्न रहेको यि प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>• फिल्ड प्रतिवेदन दिने भूमिकामा रहेका **प्रतिवादीहरु पवन कुमार झा, राकेश कुमार चौधरी र दिपेश कुमार साह** उपरको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९(२) बमोजिमको कसुरमा केही नबोली भएको फैसलाको सम्बन्धमा विवेचना गर्दा, अदालत स्वयमले मिसिल संलग्न स्थलगत मुचुल्का, प्राविधिक प्रतिवेदन, प्रतिवेदकहरुको अदालत समक्ष गरेको बकपत्र समेतका आधारमा प्रतिवादीहरु पवन कुमार झा, राकेश कुमार चौधरी र दिपेश कुमार साह, राकेश कुमार साह, सिकेन्द्र चौधरी र सन्तोषी देवीले आरोपपत्रको मागदावी बमोजिकको कसुर गरेको पुष्टि भएको भनी निर्माण कार्यहरुको नापजाँचको परिमाण एवम् गुणस्तरको सम्बन्धमा प्राविधिक कर्मचारीहरु नै विज्ञ हुन्छन। उपभोक्ता समितिका पदाधिकारी आफै निर्माण कार्यको विज्ञ वा अनुभवी नहुने हुँदा उपभोक्ता समितिले गर्ने निर्माण कार्यमा प्राविधिक कर्मचारीहरुको भूमिका झनै महत्वपूर्ण हुने गर्छ। नियमित निर्माण स्थलमा खटिई ड्रोइङ्ग÷डिजाइन, स्वीकृत लागत स्टिमेट र सम्झौता बमोजिमको परिमाणमा मापदण्ड बमोजिम गुणस्तरीय कार्य भए नभएको निरन्तर निरीक्षण, नियमन, अवलोकन गर्ने र नभएको देखिएमा तत्कालै सम्झौता एवम् लागत अनुमान बमोजिमको परिमाण वा मापदण्ड बमोजिम निर्माण कार्य गर्न लगाउने, निर्माण कार्य सम्पन्न भए पश्चात जेजति निर्माण भएको हो सोही बमोजिम यकिन नापजाँच गरी नापिकिताबमा जनाई भुक्तानी दिन लगाउनेसम्मको जिम्मेवारी प्राविधिक कर्मचारीहरुको रहेको हुन्छ।यस्तो प्रविधिक जिम्मेवारी र भूमिकामा रहेका प्रतिवादी मध्ये बरिष्ठ इन्जिनियर पवन कुमार झाले लागत स्टिमेट बनाएको, उपभोक्ता समिति गठनको लागि १ नं. वडा कार्यालयलाई पत्राचार गरेको, उपभोक्ता समितिको गठन गरी योजना वडा अध्यक्षले पठाएको पत्रमा योजना शाखालाई तोक आदेश लगाएको, लागत स्टिमेट तयार गरी हस्ताक्षर गरेको, उपभोक्ता समितिसंग भएको सम्झौतामा नगर पालिकाको तर्फबाट हस्ताक्षर गरेको, उपभोक्ता समितिलाई कार्यदेश दिएको, उपभोक्ता समितिको तर्फबाट परेको भुक्तानी सम्बन्धमा प्राविधिक शाखालाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | स्थलगत नापजाँच गरी पछि सम्म फरक नपर्ने गरी पेश गर्न तोक आदेश लगाएको, कार्य सम्पन्न प्रतिवेदनमा हस्ताक्षर गरेको, नापी किताबमा हस्ताक्षर गरेको, योजना अनुगमन फाराममा पनि हस्ताक्षर गरेको, बिल भर्पाई प्रमाणित गर्ने र भुक्तानीको लागि निर्णयार्थ टिप्पणी आदेशमा हस्ताक्षर गरेको समेत मिसिल संलग्न प्रमाण कागजातहरुबाट देखिन आएको त्यस्तै गरी अर्का प्राविधिक इन्जिनियर प्रतिवादी राकेश कुमार चौधरी र सब इन्जिनियर प्रतिवादी दिपेश कुमार साहले लागत अनुमान बनाउने तथा फिल्ड निरीक्षण गर्ने र निर्माण कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने, बिलभर्पाई प्रमाणित गर्ने समेतको कार्यमा संलग्न रहेको देखिन आयो भनी अदालत स्वंयम सहमत भई निज प्रतिवादीहरु पवन कुमार झा, राकेश कुमार चौधरी र दिपेश कुमार साहले बाटो ढलान गर्ने योजनामा M१५PCC Work को कार्य सम्पन्न प्रतिवेदन तथा नापि किताबमा चढाएको भन्दा ४८.३३ घनमिटर र Brick Work तर्फ ०.८८ घन मिटर कम कार्य गरेको देखिन आयो भनी स्वीकार गरी फैसलामा व्याख्या गरी सकेको अवस्थामा निज प्रतिवादीहरु उपरको भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९(२) बमोजिमको कसुरमा केही नबोली भएको प्रस्तुत फैसला त्रुटि पूर्ण देखिंदा बदर भागी छ।<br>• अतः माथि विवेचित आधार कारण र मिसिल संलग्न तथ्य तथा सवुद प्रमाणहरु प्रतिवादीहरुले भ्रष्टाचारजन्य कसुर गरी बाटो ढलान गर्ने योजनामा M१५PCC Work को कार्य सम्पन्न प्रतिवेदन तथा नापि किताबमा चढाएको भन्दा ४८.३३ घनमिटर र Brick Work तर्फ ०.८८ घन मिटर कम कार्य गरेको पुष्टि भई बिगो रु.५,८४,६३७/- बढी भुक्तानी लिने दिने कार्यगरी नगरपालिकालाई हानी नोक्सानी पुर्याएको पुष्टि भईरहेको अवस्थामा निज **प्रतिवादीहरु सुरेश साह सोनार,रौशन खातुन, मित्रलाल ढकाल, धिरेन्द्र झा, सोगरा खातुन र अनिल कुमार झालाई** सफाई दिने र **प्रतिवादीहरु मध्येका पवन कुमार झा, राकेश कुमार चौधरी र दिपेश कुमार साहलाई** आंशिक दावी ठहर गरी भएको फैसला त्रुटीपूर्ण भएकोले उक्त फैसला बदर गरी यी प्रत्यर्थी/प्रतिवादीहरुलाई आरोप-पत्र मागदावी बमोजिमको कसूर ठहर गरी सजाय गरिपाउँन सम्मानित अदालत समक्ष सादर अनुरोध छ। |